# सुरक्षित विद्यार्थी यातायात
# विद्यार्थीको व्यवहारमा गरिने आशा

*अन्य सन्दर्भ नीति इइएइसि*

नीति जेके र नीति जेके-आर (विद्यार्थी अनुशासन) ले स्कुल बसहरूमा, डिस्ट्रिक्ट वाहनहरूमा, वा डिस्ट्रिक्टले प्रयोग गरेको अन्य कुनै यातायात प्रदायकले प्रदान गरेको यातायातमा विद्यार्थीहरूद्वारा हुने दुर्व्यवहार सम्बन्धी विद्यार्थी अनुशासनको नियन्त्रण गर्नेछ।

***नोट : यी नियमहरू बस रूटहरूमा, क्षेत्र भ्रमणहरूमा र खेलकूद भ्रमणहरूमा लागू हुनेछन् ।***

१. बस डाइभर र सहयोगीले भनेको सधैं मान्नुहोस् ।

२. बिहान आफ्नो निर्धारित बस चढ्ने समयभन्दा १० मिनट अगावै बस बिसौनीमा आइपुग्नुहोस् ।

३. बार वा बाटोबाट सुरक्षित दूरीमा उभिनुहोस् ।

४. डाइभर/सहयोगी र अन्य सहयात्रीहरूलाई आदर गर्नुहोस् ।

५. स्कुल बसको छेउबाट बाटो काट्दा जहिले पनि बसभन्दा १० फिट अगाडिबाट काट्नुहोस् । बाटो काट्नलाई ड्राइभरको सङ्केत पर्खनुहोस् ।

६. आफ्नो *निर्धारित* सिटमा छिटो र चुपचाप बस्नुहोस् । बस कुदेका बेला आफ्नो निर्धारित सिटमा अगाडि फर्केर बसिरहनुहोस् । कुनै पनि समयमा बाटो छेकिनु हुँदैन ।

७. विद्यार्थीहरूले आफ्नो परिचय पत्र वा विद्यार्थी परिचय नम्बर ड्राइभरलाई देखाउनु पर्ने हुनसक्छ । क्षेत्र र खेलकूद भ्रमणका बेला विद्यार्थीहरूको परिचयका लागि प्रशिक्षकहरू र प्रायोजकहरू जवाफदेही हुनेछन् ।

८. बसभित्र खान, पिउन, चुइगम चपाउन वा थुक्न पाइनेछैन ।

९. बस बाहिर केही पनि नफ्याल्नुहोस् वा आफ्नो शरीरको कुनै भाग बाहिर ननिकाल्नुहोस् ।

१०. सामान्य लवजमा बोल्नुहोस्; साह्रो, अभद्र, छाडा वा अश्लील भाषा निषेध गरिएको छ ।

११. बुलिइङ, उत्पीडन, आक्रामक व्यवहार वा विभेदकारी वा अनुचित भाषाको प्रयोग, ड्राइभर वा अन्य व्यक्तिहरूप्रति, बसमा वा बाहिर असुरक्षित छ र निषेधित छ ।

१२. राज्य कानुन र/वा डिस्ट्रिक्ट नीतिले निम्न वस्तुहरू स्कुल बसमा निषेध गरेको छ :

| | | |
|---|---|---|
| मदिरा/लागू पदार्थ/सुर्ती | हातहतियार वा सोको प्रतिरूप | जनावरहरू, कीराहरू वा सरिसृपहरू |
| सीसाका कुराहरू | विस्फोटकहरू | अन्य खतरनाक वस्तुहरू |
| कानुनी रूपमा निषेधित पदार्थहरू | पटाकाहरू (धुवाँ र स्टिंक बम सहित) | |

१३. विद्यार्थीहरूले आफूले बोकेका सामानहरू (जस्तै, ब्यान्ड उपकरणहरू, खेलकूद उपकरणहरू, ब्याकप्याक आदि) सधैं उनीहरूकै नियन्त्रणमा हुनु पर्छ, र काखमा बोकिनु पर्छ वा सुरक्षित तरिकाले सिट मुनि वा खाली सिटमा राखिनुपर्छ । उपकरणहरूले आवश्यक बस्ने ठाउँ ओगट्नु हुँदैन र ड्राइभरको कम्पार्टमेन्टमा, बाटामा वा चढ्ने सिँडीमा राखिनु हुँदैन ।

१४. स्कुल बसमा स्केट बोर्डहरू, स्कुटरहरू वा रोलर ब्लेडहरू बोक्ने अनुमति छैन ।

१५. विद्यार्थीहरू आफ्नो निर्धारित बस बिसौनीमा मात्र ओर्लिन सक्छन् । यसमा गरिएको कुनै परिवर्तनका लागि स्कुल प्रशासक र यातायात विभागबाट स्वीकृत गरिएको आमाबाबु/कानुनी अभिभावकको लिखित अनुरोध आवश्यक हुन्छ ।

१६. कुनै विशिष्ट बस रूट वा भ्रमणका लागि नियमित रूपमा अनुमतिप्राप्त विद्यार्थीहरू र स्कुल पर्सोनेलहरूलेमात्र बस चढ्न पाउँनेछन् जबसम्म यातायात प्रशासक वा चार्जमा भएको स्कुल अफिसियलद्वारा विशेष अनुमति प्रदान गरिँदैन ।

१७. बसलाई सफा र क्षतिरहित राख्नुहोस् ।

१८. यदि कुनै विद्यार्थीले यी माथिका नियमहरू उल्लङ्घन गर्ने हठ गर्छ भने, त्यस्तो व्यवहार सम्बोधन गर्नका लागि सोको सूचना सुपरिवेक्षकलाई दिन वा अभिभावकलाई सम्पर्क गर्ने जिम्मेवारी ड्राइभर वा यातायात भित्रको प्याराप्रोफेसनलको हुन्छ ।

अपडेट गरिएको ०६/२३/१४ एनपि